# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत

गण्डकी प्रदेश, नेपाल।

☎: 067 – 411101, 067 – 411102

✉: info@paiyunmun.gov.np

🌐: www.paiyunmun.gov.np


## गुनासो सुनुवाई अधिकारी करार सेवामा पदपुर्ती गर्ने सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१३)*

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सशर्त अनुदान मार्फत यस गाउँपालिकामा सञ्चालित गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा २२ तथा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ मा व्यवस्था भए अनुसारको गुनासो सुनुवाई अधिकारी पदमा खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा पदपूर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५(पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स | विज्ञापन नं | पद | सेवा/तह | पद संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/२०८१/८२ | गुनासो सुनुवाई अधिकारी | सहायक पाँचौ तह | २ | ७००।- | |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

- लोक सेवा आयोगले राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक तर्फ) को पदको लागि तोकेको (मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण) योग्यता पुरा गरेको ।
- यस भन्दा अघि गरिब पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत स्थलगत तथ्याङ्क सङ्कलन कार्यमा खटिएका सुपरिवेक्षक तथा गणक र कम्तिमा तीन महिने आधारभूत कम्प्युटर तालिम प्राप्त गरेका उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० बर्ष ननाघेको ।

२. **दरखास्त दिने अन्तिम मितिः** २०८१/०७/२७ गते कार्यालय समय सम्म

३. **छनौटको किसिमः** पैयूँ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५ अनुसार (संक्षिप्त सूची प्रकाशन र अन्तर्वार्ता)

४. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र

ख) सम्बन्धित कामसँगको अनुभव भए सोको प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो

५. **सेवा सुविधा तथा अन्यः** नेपाल सरकारले राजपत्र अनंकित प्रथम श्रेणिका कर्मचारीका लागि तोकेको दुई महिनाको तलब सुविधा उपलब्ध हुनेछ।

६. ईमेलबाट आवेदन दिन चाहने आवेदकहरुले यस कार्यालयको कृषि विकास बैङ्क, हुवास, पर्वतमा रहेको आन्तरिक राजश्व खाता नं **०३१८५०१५०८४०१०७६(राजश्व शिर्षक "परिक्षा शुल्क" शीर्षक नं.१४२२४)** मा आवेदन दस्तुर जम्मा गरी सो भौचर, आवश्यक कागजातको स्क्यान प्रतिलिपि समेत संलग्न गरी कार्यालयको ईमेल ठेगाना paiyungapa@gmail.com मा पठाउन सकिनेछ।

७. **थप जानकारीको लागिः** ९८५७६२०५४३, ९८४६६२७२७६ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

.........................

(जिवन गैरे)

**प्रमुख प्रशासकीय अधिकृत**

"समृद्ध पैयूको आधारः कृषि, प्रविधि र पूर्वाधार"